**नेपाली / *NEPALI***

**विषय: क्याम्पसले खोप लगाउनेको लक्ष्य उछिनेको**

*यस सन्देशमा समेटिएको छ:*

- *खोपको अपडेट*
- *ध्यान दिनुपर्ने - क्याम्पसको स्वास्थ्य आवश्यकताहरू*
- *कसरी आफूलाई र अरूलाई बचाउने*
- *कसरी सूचित रहने*

संकाय र कर्मचारीहरू,
हामीले नयाँ शैक्षिक वर्ष शुरू गर्ने क्रममा तपाईंहरूलाई क्याम्पसमा खोपा लगाउने प्रयासहरूको बारेमा एउटा प्रोत्साहन दिने खबर र केही स्वास्थ्य र सुरक्षाका ध्यान दिनुपर्ने कुराहरू बताउन चाहन्छौं।

**खोपको अपडेट**
हामी यो रिपोर्ट गर्न खुशी छौं कि 92 प्रतिशत कर्मचारी र 88 प्रतिशत विद्यार्थीहरूले अब पूरा तरिकाले खोप लगाएका छन्। समग्र क्याम्पसको 90 प्रतिशत खोप लगाएको छ। खोपको यो उच्च स्तरको मतलब यो हो कि क्याम्पसमा सुरक्षाको एउटा बलियो स्तर छ र हाम्रो जनसङ्ख्याको थोरै सदस्यहरूले, अरू कम खोप लगाउने दर भएका क्षेत्रहरूको तुलनामा, *COVID-19* को कारण गम्भीर सङ्क्रमणको अनुभव गर्नेछन्।

आजसम्म, हाम्रा विद्यार्थीहरूको खोप लगाउने दर अरू *Big Ten* क्याम्पसहरूले रिपोर्ट गरेको दरसँग मिल्दो छ (*Pennsylvania State* बाहेक डाटा रिपोर्ट गर्ने सबै क्याम्पसहरूमा अनिवार्य खोप लगाउने आवश्यकता छ):

- *Indiana University* – 86 प्रतिशत
- *Northwestern University* – 93 प्रतिशत
- *Pennsylvania State University* – 80 प्रतिशत
- *Purdue University* – 80 प्रतिशत
- *Rutgers University* – 98 प्रतिशत
- *University of Illinois* – 88 प्रतिशत
- *University of Michigan* – 92 प्रतिशत

हामी हाम्रो संख्या अझै राम्रो हुन जारी राख्ने आशा गर्दछौं। हामीले क्याम्पसमा खोपको माग बढेको देखेका छौं, विशेष गरी गएजा दुई हप्तामा। हामीले यो नि:शुल्क प्रदान गरेकाअ छौं। यो देख्दा खुशी लाग्दछ कि धेरै व्यक्तिहरूले यो भाइरस विरुद्ध उपलब्ध रहेको सुरक्षाको उच्चतम स्तर पाएका छन् - यसले तपाईं र तपाईंका साथी, परिवार, र बृहत समुदायलाई सहयोग गर्दछ। यदि तपाईंले अझैसम्म पूरा रूपमा खोप लगाउनु भएको छैन भने, तपाईंले खोप लगाउने समय बनाउन सक्नुहुन्छ।

**ध्यान दिनुपर्ने – क्याम्पसको स्वास्थ्य आवश्यकताहरू**

- भवनहरू भित्र **मास्क लगाउन आवश्यक छ** – थप जानकारी पाउनुहोस्। यदि तपाईंले कुनै विद्यार्थीले मास्क लगाउने वा अन्य स्वास्थ्यका आवश्यकताहरूको उल्लङ्घन गरेको देख्नुभयो भने, तपाईंले यो घटना फाराम भरेर रिपोर्ट गर्न सक्नुहुन्छ।

- खोप नलगाएका विद्यार्थी र कर्मचारीहरूलाई विश्वविद्यालयले **हप्तै पिच्छे परीक्षण गर्नुपर्ने आवश्यकता** लागू गर्दैछ – यदि तपाईंले यो आवश्यकता पूरा गर्नुपर्दछ भने, तपाईंले यसको बारेमा ईमेल पाइरहनु भएको छ। आवश्यकताको पालना नगर्नेहरू अनुशासनात्मक कारबाहीको अधीनमा हुनेछन्।

- **बारम्बार आफ्नो हात धुन/सेनिटाइज गर्न** जारी राख्नुहोस् र आफ्नो अनुहार नछुनुहोस् – सेनिटाइजर स्टेशनहरु क्याम्पस वरपर धेरै ठाउँहरूमा पाउन सकिन्छ।

**कसरी आफूलाई र अरूलाई बचाउने**

- यदि तपाईंमा *COVID-19* का लक्षणहरू देखिएका छन् भने, तपाईंले खोप लगाउनु भएपनि, घरै बस्नुहोस्। *Centers for Disease Control and Prevention (CDC)* को **कोरोनाभाइरस आत्म-मूल्याङ्कन चलाउनुहोला।**

- यदि तपाईंलाई परीक्षण गर्न आवश्यक भएमा, तपाईंमा लक्षणहरू देखिएमा वा *COVID-19* भएको कोही व्यक्तिको नजिकको सम्पर्कमा आउनुभएमा, **क्याम्पसमा नि:शुल्क परीक्षण गर्नुहोला।**

- यदि तपाईं वा तपाईंसँग बस्ने कसैलाई पोजिटिभ देखिएमा वा तपाईं नजिकको सम्पर्कमा आउनुभएको पहिचान गरिएमा **के गर्ने थाहा पाउनुहोस्।**

- तपाईं वा तपाईंको परिवारमा *COVID-19* को असरको कारण यदि तपाईं बिदा लिन वा कार्यस्थलामा लचिलोपनाको अनुरोध गर्न चाहनु हुन्छ भने मानव संसाधनको वेबसाईटमा रहेका **यी संसाधनहरू हेर्नुहोस्।**

**कसरी सूचित रहने**

- नियमित रूपमा अपडेट गरिनेद *COVID-19* प्रतिक्रिया वेबसाईट र *FAQs* हेर्नुहोला। क्याम्पसको अपडेट गरिएको *COVID-19 dashboard* को संस्करण मङ्गलबार शुरू हुनेछ।

- शिक्षकहरूले *Teaching and Learning* वेबसाईटमा थप जानकारी र संसाधनहरू पाउन सक्दछन्।

- भविष्यमा यस्तै ईमेलहरूको अपेक्षा गर्नुहोला।

- तपाईंलाई चाहिने जानकारी भेट्नु भएन ? covidresponse@vc.wisc.edu मा ईमेल वा (608) 262-7777 मा फोन गर्नुहोला।

हामी सबैले महामारीलाई विगतमै राख्न चाहेतापनि, नयाँ शैक्षिक वर्षको शुरूवातमा हामी उत्साहित छौं। हाम्रो समुदाय सँगै हुँदा, व्यक्तिगत रूपमा, विचार र अनुभवहरू आदान प्रदान गर्दा फस्टाउँदछ। यो हामीले गर्ने कामको मुटु हो र सुरक्षित र स्वस्थ रहनको लागि चाल्ने कदमको थप कारण हो।

हामी तपाईंलाई क्याम्पसका समर्थन संसाधनहरूको उपयोग गर्न र हामीले यो नयाँ वर्ष सँगै पार गर्ने क्रममा एकअर्कालाई धैर्य र करूणाका साथ समर्थन गर्न प्रोत्साहित गर्दछौं। *On, Wisconsin!*